

# गण्डकी प्रदेशको

# एक वर्ष

# पृष्ठभूमि

प्रदेश सभाको निर्वाचन सम्पन्न भएपछि नेपालको संविधानको धारा १६८ बमोजिम सम्बत् २०७४ साल फाल्गुण ४ गते प्रदेश सरकारको गठन भई एक वर्ष पूरा भएको छ । नेपालको लागि नवीन प्रयोगको रुपमा रहेको संघीय शासन प्रणालीको अभ्यास गर्दै प्रदेशका नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र समृद्धिको अपेक्षा पूरा गर्न प्रदेश सरकार दृढ संकल्पका साथ अगाडि बढिरहेको छ । यस क्रममा प्रदेश सरकारको एक वर्ष प्रदेशको जग निर्माण गर्ने तर्फ केन्द्रित भएको छ। विकास र सु-शासनको जनअपेक्षालाई सम्बोधन गर्न प्रदेश सरकारले आफ्नो आधार स्तम्भको रुपमा विभिन्न कानून तर्जुमा गरी प्रदेश सरकारको नीति, कार्यक्रम र बजेट मार्फत विकासको मार्गचित्र प्रस्तुत गरिसकेको छ ।

नेपालको संविधानले तय गरेको प्रदेशको अधिकार सूची अनुसारका जिम्मेवारी पूरा गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै मन्त्रालय तथा विभिन्न निकायहरूको स्थापना भई आ-आफ्नो जिम्मेवारीभित्रका कार्य सम्पादन गरिरहेका छन् । नयाँ संरचना अनुसार आवश्यक पर्ने भौतिक संरचनाको व्यवस्थापन, जनशक्ति व्यवस्थापन, आवश्यक नीति तथा कानून र कार्यविधिको निर्माण गर्दै प्रदेश सरकारले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

प्रदेश सरकारको पहिलो अभ्यास, निर्माणाधीन प्रदेशका अस्थायी संरचना, अपर्याप्त जनशक्ति, केन्द्र सरकारबाट प्रदेश सरकारको कार्य सञ्चालनको लागि तयार भएको संगठन संरचना, कार्य सञ्चालनका लागि कानूनी संरचना तयार पार्नुपर्ने अवस्था, आदिका बाबजुद प्रदेशलाई कार्यमूलक र प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको छ ।

यिनै अवसर र चुनौतीका बीचमा रहेर प्रदेश सरकार राष्ट्रले लिएको समृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्ने लक्ष्य हासिल गर्न पुर्ण रुपमा प्रतिबद्ध रहेको छ ।

# कार्य प्रगति
# कानून तथा कार्यविधि निर्माण

१. प्रदेश सरकारले हालसम्म २छ वटा विधेयकहरु प्रदेश सभामा पेश गरेकोमा २१ वटा विधेयकहरु प्रदेश सभाबाट पारित भै प्रमाणीकरण भइसकेका छन् ।

२. बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बिभिन्न मन्त्रालयसँग सम्बन्धित ११४ वटा कार्यविधिरनिर्देशिका स्वीकृत भई कार्यान्वयनमा आएका छन् ।

३. प्रदेश सभाको सम्वत् २०७५ साल आषाढ १८ गते बसेको बैठकबाट प्रदेशको राजधानी पोखरा निर्धारण गरिएको र सम्वत् २०७५ साल आषाढ २२ गते बसेको बैठकबाट प्रदेश नं. ४ लाई गण्डकी प्रदेश नामाकरण गरिएको छ ।

## योजना तर्जुमा

४. प्रादेशिक प्रशासनिक संरचना निर्माणको लागि स्थान पहिचान सहितको प्रतिवेदन प्रदेश मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृतिको लागि नेपाल सरकार समक्ष अनुरोध गरिएको छ ।

५. आर्थिक वर्ष ०७४/७५ को करिब साढे दुई महिना अवधिको लागि संघीय सरकारबाट प्राप्त अनुदान रकम रु. १ अरब २ करोडको बजेट तर्जुमा गरिएकोमा २९ करोड ५४ लाख (करिब २९ प्रतिशत) खर्च भएको छ । यसैगरी आर्थिक वर्ष ०७५र७६ को लागि रु. २४ अरब २ करोडको बजेट तर्जुमा गरिएकोमा २०७५ माघ २८ गतेसम्म १ अरब ७८ करोड ७७ लाख खर्च (करिब ७.५ प्रतिशत)

भएको छ ।

६. स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण अन्तर्गत पहिलो र दोस्रो किस्ताको रकम हस्तान्तरण गरिएको छ । यसै गरी चालु आर्थिक वर्षको लागि स्थानीय तहसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्रस्तावित समपुरक अनुदान र विशेष अनुदानका कार्यक्रम सञ्चालन गर्न कार्यविधि पारित गरी १९ वटा स्थानीय तहसँग सम्झौता गरिएको छ ।

७. आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्मको लागि मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

८. बजेट तथा आर्थिक ऐन कार्यान्वयनका लागि प्रदेशभित्रका ८ जिल्ला (मनाङ, मुस्ताङ र लमजुङ बाहेक) का स्थानीय तहसँग छलफल, अन्तर्क्रिया सम्पन्न गरिएको छ ।

९. प्रदेश नीति तथा योजना आयोग गठन भई २०७५/७६ देखि २०८०/८१ सम्मको लागि पहिलो पञ्चवर्षीय योजनाको आधार पत्र समेत तयार भइसकेको छ ।

## विपद व्यवस्थापन

१०. प्रदेश विपद् व्यवस्थापन कोषको गठन गरी सो कोषमा रु. २ करोड जम्मा गरिएको छ । प्रदेशभित्रका ११ जिल्लाका लागि विपद् व्यवस्थापन कोषबाट रु. २१ लाख निकासा गरिएको छ।

११. विपद् पूर्वसूचना प्रणाली सम्बन्धी पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

१२. राष्ट्रिय आपतकालीन केन्द्रबाट प्राप्त ११ प्रकारका राहत तथा उद्धार सामग्री मध्येबाट लमजुङ र म्याग्दी जिल्लालाई राहत तथा उद्धार सामग्री वितरण गरिएको छ ।

१३. बाग्लुङ जिल्लाको ढोरपाटनमा आगालागीबाट पीडित ३८ घर परिवारलाई प्रति घरधुरी रु. १० हजारका दरले राहत वितरण गरिएको छ ।

१४. मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन समिति र आन्तरिक मामिला तथा कानूनमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन गरिएको छ। साथै जोखिम नक्शांकन कार्य र विपद् उद्धार सामग्री खरिद प्रक्रिया अगाडि बढाइएको छ ।

१५. प्रदेश सूचना प्रविधि पार्क निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको छ ।

# समन्वय र सहकार्य

## समितिहरूको गठन

१६. प्रदेश सरकार गठन भएकै दिन प्रदेश सरकारको कार्य सञ्चालनलाई व्यवस्थित गर्न प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ र प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ स्वीकृत भई उक्त नियमावलीहरु कार्यान्वयनमा ल्याइएको छ ।

१७. प्रदेश सरकारका कार्य सम्पादनमा सघाउ पुर्‍याउन मुख्यमन्त्रीको संयोजकत्वमा राजनीतिक समिति र प्रादेशिक विकास एवं सुशासन प्रवर्द्वन समिति, आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा प्रशासन तथा विधयेक समिति र प्रदेश कानून मस्यौदा समिति, आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति कृयाशील छन् ।

१८. प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यमा समन्वय कायम गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद्को गठन भई दुई वटा बैठक सम्पन्न भएका छन् ।

१९. उक्त बैठकले प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि स्वीकृत गरी प्रदेश र स्थानीय तह बीच अझ प्रभावकारी समन्वय कायम गर्नको लागि मुख्यमन्त्रीको संयोजकत्वमा गण्डकी प्रदेश समन्वय परिषद् सहजीकरण समिति, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा स्थानीय तहमा कानुन तर्जुमा सहजीकरण समिति एवंम गण्डकी प्रदेश तथा नीति योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समिति गठन भई कृयाशील रहेका छन् ।

२०. प्रदेशको शान्ति सुरक्षालाई मजबुत बनाउन र सुरक्षा प्रणालीलाई

जवाफदेही बनाउन आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा प्रादेशिक सुरक्षा समन्वय समितिको गठन भै कार्यान्वयनमा आएको छ ।

## मुख्यमन्त्रीहरूको बैठक

२१. प्रदेश सरकारको काममा एकरुपता ल्याउने र संघीयता कार्यान्वयनको लागि नेपाल सरकारमा अनुरोध गर्ने अभिप्रायले मुख्यमन्त्रीहरुको प्रथम बैठक पोखरामा सम्पन्न गरिएको छ ।

## केन्द्रिय सरकारसँगको सहकार्य

२२. प्रधानमन्त्रीको अध्यक्षतामा बसेको अन्तर प्रदेश परिषद्को बैठकमा मुख्यमन्त्री तथा प्रमुख सचिवको सहभागिता रहेको र उक्त बैठकबाट २९ बुँदे संघीयता कार्यान्वयन सहजीकरण कार्य योजनामा तयार गरिएको छ ।

२३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ बमोजिम अन्तर सरकारी वित्त परिषद्मा पोखरा महानगरपालिकाका प्रमुख तथा धौलागिरी गाउँपालिका म्याग्दीका अध्यक्षलाई मनोनयन गरिएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

२४. मित्रराष्ट्र चीनको हाइनान् प्रान्त र गण्डकी प्रदेश बीच भगिनी सम्बन्ध स्थापना भई द्विपक्षीय हितका लागि भ्रमण आदान-प्रदान भइरहेको छ। गण्डकी प्रदेशको तर्फबाट मुख्यमन्त्रीको नेतृत्वमा प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, मुख्यन्यायाधिवक्ता सहितको टोलीले भ्रमण गरेको थियो । हाइनान् प्रान्तको तर्फबाट

डेपुटी गभर्नर श्री छु जुनको नेतृत्वमा छ सदस्यीय टोलीले गण्डकी प्रदेशको भ्रमण गरेको थियो ।

२५. पोखरामा अन्तर्राष्ट्रिय स्तरको बहुउपयोगी खेल मैदानको निर्माणको लागि चिनियाँ कम्पनीबाट सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गर्न स्वीकृति प्राप्त गर्ने प्रयोजनका लागि नेपाल सरकारसँग अनुरोध गरिएको छ ।

२६. पोखरा महानगरपालिकामा चक्रपथ निर्माण र मोनोरेल सञ्चालन गर्न चिनिया कम्पनीसँग सम्झौता गर्ने स्वीकृतिका लागि नेपाल सरकारसँग अनुरोध गरिएको छ ।

२७. दुग्ध उत्पादनमा अभिबृद्धि गर्नका लागि चिनियाँ कम्पनीसँग सम्झौता गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त भएकोले सम्झौता गर्ने कार्य अगाडि बढाईएको छ ।

# पूर्वाधार विकास

## सडक तथा सडक पुल

२८. प्रदेश गौरवका आयोजनाको रुपमा रहेको कोरला-पोखरा, पोखरा -दुम्किबास सडक खण्डलाई द्रुत मार्गको रुपमा निर्माण गर्न चिनियाँ कम्पनीबाट सम्भाव्यता अध्ययन गराउन नेपाल सरकार समक्ष स्वीकृतिका लागि अनुरोध गरिएको छ ।

२९. सडकतर्फ कास्कीबाट १२ वटा सडक र ३ वटा सडक पूल, पर्वतबाट ९ वटा सडक, म्याग्दीबाट ६ वटा सडक, लमजुङबाट ७ वटा सडक र एउटा सडक पूल र नवलपुरबाट २० वटा सडकको ठेक्का आव्हान गरिएको छ ।

३०. विभिन्न प्रादेशिक सडक, सडक पूल तथा झोलुङ्गे पूलहरुको विस्तृत आयोजना अध्ययन प्रतिवेदन तयारीको कार्य भइरहेको छ ।

३१. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को कावासोतीमा नयाँ यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरी सेवा प्रबाह गरिएको छ ।

## सिंचाई तथा नदी नियन्त्रण

३२. सिंचाईतर्फ ४९ वटा र नदी नियन्त्रणतर्फ ६९ वटा गरी जम्मा ११८ वटा ठेक्कारसम्झौता भएको छ। सिंचाईतर्फ ६ वटा योजनाहरुको निर्माण कार्य सम्पन्न भएकोमा १३ हेक्टर थप भएको र २०० हेक्टर कमान्ड एरियामा मर्मत कार्य सम्पन्न भएको छ ।

३३. च्याङ्लीटार र कालिमाटी डिप ट्युबेल सिंचाई आयोजनाको विस्तृत संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ ।

३४. चालु आर्थिक वर्षमा कार्यान्वयन गर्नुपर्ने ६९ सिंचाई आयोजनाको विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन तयार भइसकेको छ ।

## खानेपानी तथा सरसफाई

३५. खानेपानीतर्फ ८१ वटा आयोजनाको विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन तयार भएको र ५२२ वटा आयोजना कार्यान्वयनका लागि सम्झौता भइसकेको छ ।

३६. शहरी क्षेत्रमा उत्पादन हुने फोहोरमैलाको उचित व्यबस्थापन गर्न स्थानीय तहसँगको सहकार्यमा स्यानिटरी ल्याण्ड फिल्ड साइट निर्माणको लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## विद्युत

३७. दुई वर्षभित्रमा उज्यालो प्रदेश घोषणा गर्ने नीति अनुसार प्रदेशभित्र विद्युत सेवा नपुगेका स्थान पहिचान गरिसकिएको छ ।

## व्यवस्थित शहरीकरण

३८. ब्यबस्थित शहरीकरणको लागि शुक्लागण्डकी, भिमाद, मध्यनेपाल, कुश्मा, फलेवास र पुतलीबजारमा स्याटेलाइट सिटी निर्माणको लागि प्रारम्भिक संभाव्यता अध्ययन सम्पन्न भएको छ ।

३९. प्रदेशभित्रका स्थानीय तहको सहलगानीमा बहुउद्देश्यीय सभाहल निर्माणका लागि ३० स्थान पहिचान भई निर्माण कार्य अगाडि बढेको छ ।

४०. स्थानीय तहसँगको सहकार्यमा पूर्वाधार निर्माण गर्न स्थानीय तहसँग सम्झौता गरिएको छ। पोखरा महानगरपालिकासँग १७ बुँदे सम्झौता गरी पूर्वाधार निर्माणका कार्य भइरहेका छन् ।

## सुशासन

४१. प्रदेश सरकारको कार्य सञ्चालनलाई चुस्त र दुरुस्त बनाउन विद्युतीय

सुशासन गुरुयोजना निर्माणको लागि आधार पत्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ ।

४२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै मन्त्रालयको वेभसाईट निर्माण भई सञ्चालनमा आएको छ ।

४३. विशेष कक्ष (वाररुम) स्थापना गर्ने कार्य अगाडि बढाइएको छ।

४४. सम्वत् २०७५ साल भाद्र ४ गतेदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा 'हेलो मुख्यमन्त्री' कक्ष सञ्चालन गरिएको छ । उक्त कक्षमा हालसम्म प्राप्त भएका ३४२ वटा गुनासा मध्ये १८५ वटा फर्छ्यौट भएका र १५७ वटा फर्छ्यौटको क्रममा रहेका छन् ।

# सामाजिक सेवा

## शिक्षा

४५. गण्डकी विश्वविद्यालय र गण्डकी इन्स्टिच्युट अफ टेक्नोलोजी स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको विधेयकको प्रारम्भिक मस्यौदा छलफलको क्रममा रहेको छ । गण्डकी विश्वविद्यालयको स्वरुप र सञ्चालनको ढाँचा सम्बन्धमा अध्ययन गर्न एक उच्चस्तरीय कार्यदल गठन भई अध्ययनको कार्य भइरहेको छ ।

४६. गण्डकी बिश्वबिद्यालय शुक्लागण्डकी नगरपालिकामा र आयुर्वेद अस्पताल पोखरा महानगरपालिकाको वडा नं. २६ मा स्थापना गर्ने निर्णय भएको छ ।

४७. चीनको हाइनान् प्रान्त सरकारले प्राबिधिक बिषय अध्ययनको लागि प्रति बर्ष ४ जनाको दरले २० जनालाई छात्रबृत्ति दिने सहमति गरेको छ । यस बर्ष प्राप्त ४ जनाको छात्रवृत्तिको लागि मापदण्ड स्वीकृत गरी छनौट प्रक्रिया आरम्भ गरिएको छ ।

४८. प्राबिधिक महाबिद्यालय, बहुसांस्कृतिक ग्राम, बिशिष्टिकृत सेवाका अस्पताल, खेलकूद लगायत संरचना निर्माणको लागि जग्गा पहिचानको काम अन्तिम चरणमा पुगेको छ ।

४९. वैकल्पिक विद्यालय स्थापना तथा सञ्चालन, प्राविधिक विद्यालयमा ल्याब तथा शैक्षिक उपकरण व्यवस्थापन, समावेशी शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयको क्षमता विस्तार, ग्रामीण क्षेत्रमा आधारभूत विद्यालयमा सूचना प्रविधिको प्रयोग, सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रको स्तरोन्नति, सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विस्तार र मागको आधारमा सामुदायिक विद्यालयमा शौचालय, कम्प्युटर ल्याब, विज्ञान

प्रयोगशाला स्थापना कार्यक्रम मार्फत् अनुदान तथा सहयोग उपलब्ध गराउन स्वीकृत कार्यविधि बमोजिम प्रस्ताव सङ्कलन गरी प्राप्त प्रस्ताव मूल्याङ्कनको कार्य भइरहेको छ ।

५०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि उच्च र न्यून नतिजा हासिल गरेका म्याग्दी, नवलपरासी, तनहुँ र लमजुङ जिल्लाका विभिन्न २० वटा सामुदायिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक तथा सम्बन्धित स्थानीय तहका प्रमुखहरुको सहभागितामा अन्तरक्रिया तथा विद्यालय सुधारको योजना निर्माणको कार्य गरिएको छ ।

## स्वास्थ्य

५१. पोखरा र आसपासमा देखिएको डेंगु नियन्त्रणका लागि स्वास्थ्य निर्देशनालयका निर्देशकको संयोजकत्वमा डेंगु नियन्त्रण समिति गठन गरिएको छ । ९ वटा जिल्लामा रोग नियन्त्रण सम्बन्धी अभियान र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी डेंगु रोग नियन्त्रण गरिएको छ ।

५२. अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ जारी भई सोही बमोजिम ९ वटा अस्पतालमा व्यवस्थापन समिति कृयाशील रहेका छन् ।

५३. सम्वत् २०७५ साल भाद्र १३ गते गण्डकी प्रदेशलाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएको छ ।

५४. डिमुवा, वालिङ र दमौलीमा हाईवे मोबाइल अस्पताल स्थापनाका लागि स्थलगत अध्ययन गरी सञ्चालन कार्यविधि (Standard Operating Procedure) तयार गरिएको छ ।

५५. जटिल अवस्थाका सुत्केरी तथा गर्भवती महिलाको जीवन रक्षाका

लागि एयर लिफ्टिङ गर्ने कार्य शुरुवात गरिएको छ ।

५६. स्वास्थ्य संस्थाहरूबाट शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाउन प्रशिक्षक प्रशिक्षण प्रदान गरिएको प्राप्त प्रशिक्षकहरूबाट बाग्लुङ जिल्लाका ६० जना स्वास्थ्यकर्मीहरूलाई ४ दिने तालिम प्रदान गरिएको छ ।

५७. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको सञ्चालनलाई प्रभावकारी बनाउन कास्की र स्याङ्जा जिल्लाका स्थानीय तहका सम्बन्धित ३० जना स्वास्थ्यकर्मीहरूलाई DHIS-2 तालिम प्रदान गरिएको छ ।

५८. कास्की जिल्लाका विभिन्न ६ स्थानमा परिवार नियोजनको स्थायी बन्ध्याकरणको लागि क्याम्प सञ्चालन गरी सो क्याम्पबाट ४७ जनाले उक्त सेवा प्राप्त गरेको छ ।

५९. नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) जिल्लाका कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका र विनयत्रिवेणी गाउँपालिकामा सिकलसेल एनिमियासम्बन्धी सचेतना अभिवृद्धि गर्न थारू समुदायका १५० जनालाई अभिमुखीकरण प्रदान गरी उक्त रोगको निदान गर्न २०२ जनाको रक्त नमुना सङ्कलन गरी परिक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौं पठाइएको छ ।

## महिला तथा बालबालिका

६०. सामाजिक कुरीति, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसार पसार नियन्त्रणका लागि म्याग्दी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), लमजुङ, कास्की, बागलुङ र पर्वत जिल्लामा स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

६१. बालअधिकारको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुर्याउन पर्वत,

कास्की र स्याङ्जा जिल्लामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

## अपाङ्गता

६२. सार्वजनिक सेवा प्राप्तिमा बहिराहरुको पहुँच अभिबृद्धि गर्न सहयोग पुर्याउने उद्देश्यले मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लाका सम्बन्धित क्षेत्रमा कार्यरत संघसंस्था, अस्पतालका कर्मचारीहरु, प्रहरी कर्मचारीहरु र बहिराहरुका परिवारका सदस्यहरु समेत समावेश गरी २० जनालाई ५८ दिने साङ्केतिक भाषाको तालिम सञ्चालन भइरहेको छ ।

## खेलकुद

६३. एक स्थानीय तह एक खेलकूद मैदान कार्यक्रम सञ्चालनको लागि स्थान पहिचान गरी थप प्रक्रिया अगाडि बढाइएको छ ।

## रोजगार

६४. युवाहरुलाई रोजगार र स्वरोजगार उपलब्ध गराउन स्वरोजगार गण्डकी प्रदेश एप्स निर्माण गरी उक्त एप्स मार्फत तालीम आवश्यकता सम्बन्धी माग संकलन गर्ने कार्य अगाडि बढाइएको छ ।

६५. व्यावसायिक एभोकाडो खेती तथा नर्सरी व्यवस्थापनको लागि मनाङ, मुस्ताङ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाहेकका ८ जिल्लाका ४२ जनालाई प्रशिक्षार्थीहरुलाई तालिम प्रदान गरिएको छ ।

## कृषि तथा सहकारी

६६. कृषि आकस्मिक सेवा टेवा कार्यक्रम अन्तर्गत १९ वटा कृषक एवं

संघ संस्थालाई तरकारी खेती, सिंचाई विस्तार र पशुपालनमा राहत सहयोग उपलब्ध गराइएको छ ।

६७. कृषि व्यवसायका विभिन्न विधाका ९ जना कृषकलाई प्रदेश स्तरीय उत्कृष्ट कृषक पुरस्कारबाट सम्मान गरिएको छ। ४३ जना कृषकलाई व्यवसायिक तरकारी खेती र पशुपालन सम्बन्धी सीप र क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिएको छ ।

६८. हालसम्म तनहुँ, बागलुङ, स्याङ्जा र गोरखाका विभिन्न स्थानमा किसानसँग कृषि मन्त्री कार्यक्रम सञ्चालन गरिएको छ ।

६९. आर्थिक वर्ष २०७५।७६ को वार्षिक कार्यक्रम मध्ये ४०० वटा कृषि तथा पशुपक्षी मोडेल फार्म स्थापनाको लागि प्रस्ताव आह्वान गरिएकोमा २१९८ वटा प्रस्ताव दर्ता भएका छन्। ती प्रस्तावहरुको स्थलगत प्रमाणीकरणको कार्य भैरहेको छ ।

७०. यस प्रदेशका ३६ वटा निर्वाचन क्षेत्रमा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ स्थापनाको लागि प्रदेशस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी स्थान छनौट गरिसकिएको छ। साथै, जनशक्ति छनौटको काम भइरहेको छ ।

७१. स्थानीय तहसँगको साझेदारीमा हुने विविध कार्यक्रमहरु जस्तै कोल्ड स्टोर निर्माण सहयोग, अत्याधुनिक पशु वधशाला निर्माण, प्राङ्गारिक मल उत्पादन तथा वितरण सहयोग, आधुनिक तथा साना सिंचाई, मूल्य श्रृंखला विकास जस्ता कार्यक्रम सञ्चालन गर्नको लागि प्रस्ताव संकलन गरिएको छ ।

७२. कृषि क्षेत्रमा व्यवसायीकरण तथा आधुनिकीकरण गर्नको लागि यान्त्रीकरणरग्रिन हाउस निर्माण सहयोग तथा मूल्य श्रृंखलामा आधारित कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव संकलन भएका छन् ।

७३. कृषि पर्यटन प्रवर्द्धनको लागि होमस्टेमा अर्गानिक कृषि उत्पादनमा सहयोग गर्नको लागि प्रस्ताव संकलन भएको छ ।

७४. विद्यालयमा कृषि फार्म स्थापना तथा कृषक पाठशाला सञ्चालन सहयोग कार्यक्रम सञ्चालन गर्नको लागि माध्यमिक विद्यालयमा सहकार्य गरिएको छ ।

७५. प्रिसिजन फार्मिङ्गका लागि कृषि तथा इन्जिनियरिङ्ग क्याम्पससँगको सहकार्यमा परिक्षण कार्य भइरहेको छ ।

७६. सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव माग गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

७७. सहकारीमा आबद्ध कृषकबाट उत्पादित वस्तुहरुको बजारीकरणको सम्बन्धमा संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र युएनडिपीसँग सहकार्य गर्न छलफल प्रारम्भ भएको छ।

७८. कृषकहरुको सही पहिचान र वर्गिकरणका लागि सफ्टवेयर निर्माण गरिएको छ ।

७९. विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापनाका लागि स्याङ्जाको मालुङ्गामा जग्गा प्राप्ती भएको र तनहुँको आँबुखैरेनीमा स्थान पहिचान गरिएको छ ।

८०. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित ५४ वटा कार्यविधिहरुको संगालो प्रकाशन गरिएको छ ।

## उद्योग र पर्यटन

८१. होमस्टे पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न प्रदेशका सबै जिल्लाका सामुदायिक होमस्टे सञ्चालकहरुलाई सूचना दिई प्रस्ताव आह्वान गरिएको र हाल प्रस्ताव संकलन तथा मूल्यांकन गर्ने कार्य सम्पन्न भई अख्तियारी दिने चरणमा रहेको छ ।

८२. ताल संरक्षण तथा विकास प्राधिकरण विधेयक प्रदेश सभामा पेश गरिएको छ ।

८३. फेवातालको संरक्षण र विकास गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन भै कार्य प्रारम्भ गरिएको छ ।

८४. चालु आर्थिक वर्षदेखि विदेशी पर्यटकको तथ्यांक संकलन गर्ने कार्य शुरु गरिएको छ ।

८५. उद्योगग्राम स्थापना सम्बन्धी संभाब्यता अध्ययनका आशयपत्र मूल्यांकन भइरहेको छ ।

८६. गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने संस्थाको छनौट भई कार्यान्वयनको चरणमा रहेको छ ।

८७. फेवाताल ड्याम साइडमा माछापुच्छ्रे प्रतिविम्ब पार्क निर्माणको लागि पोखरा महानगरपालिकासँग समझदारी पत्रमा हस्ताक्षर भई लगत इस्टमेट र डिजाइनको काम अगाडि बढाइएको छ ।

८८. पर्यटन प्रवर्द्धनको लागि सन् २०१९ लाई **आन्तरिक पर्यटन वर्ष,** सन् २०२० लाई **छिमेकी देश पर्यटक पर्यटन बर्ष** र सन् २०२२ लाई **अन्तर्राष्ट्रियस्तरको पोखरा भ्रमण वर्ष** घोषणा गरिएको छ ।

८९. आन्तरिक पर्यटन वर्ष २०१९ लाई प्रभावकारी रुपमा सफल बनाउन कार्ययोजना तयार गरी ट्याक्सी चालक तथा युवा लक्षित आतिथ्यता सम्बन्धी तालीम लगायतका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

९०. प्रदेशस्तरीय विज्ञान प्रविधि प्रतिष्ठान स्थापनाको लागि अध्ययन गरी सुझाव पेश गर्न विज्ञ सहितको कार्यदल गठन गरिएको छ ।

९१. स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिका वडा नं. १ स्थित साल्मे डाँडामा निर्माणाधीन गोरखा स्मारक संग्रहालयका लागि बजेट

विनियोजन भई कार्य भइरहेको छ ।

९२. प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको सचित्र विवरण समेटिएको पुस्तिका प्रकाशनको चरणमा रहेको छ ।

९३. विभिन्न जिल्लामा पर्यटन पदमार्गहरुको निर्माण, स्तरोन्नति तथा सौन्दर्यीकरणका कार्यहरु अगाडि बढाइएको छ ।

## वन तथा वातावरण

९४. स्वच्छ वातावरण महाअभियान र नगर उद्यान विकास कार्यक्रम सञ्चालन भइरहेका छन्।

९५. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम मार्फत वनको दिगो व्यवस्थापन र सदुपयोगका लागि नवलपुर र तनहुँ जिल्लामा कार्यक्रम सञ्चालन भइरहेका छन् ।

९६. समुदायमा आधारित वन व्यवस्थापनका कार्यक्रमहरु प्रत्येक जिल्लामा सञ्चालन भइरहेका छन् ।

९७. प्रत्येक जिल्लामा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रम सुचारु भइरहेका छन् ।

९८. एकीकृत जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भइरहेका छन्।

९९. बागलुङ, स्याङ्जा र तनहुँ जिल्लामा उच्च प्रविधिमा आधारित नर्सरी स्थापना गरी विरुवा उत्पादन कार्य जारी छ भने अन्य जिल्लाहरुमा समेत विरुवा उत्पादन कार्य सुचारु भइरहेको छ ।

१००. वन पैदावरमा आधारित उद्योगको विकास र विस्तारका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

## क्षमता वृद्धि

१०१. प्रदेश सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि

आवश्यक संगठन संरचना र जनशक्ति व्यवस्थापन सम्बन्धी अध्ययन गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग समझदारी गरी कार्यान्वयन भईरहेको छ ।

१०२. प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि प्रदेश तालिम प्रतिष्ठान स्थापना गर्न मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति लिई कानून तर्जुमा प्रकृया अगाडि बढाइएको छ ।

# चुनौती र अवसर

## चुनौती

१०३. करको दायरा सीमित रहेको र कर संकलनको आफ्नै संयन्त्र स्थापना भइनसकेको अवस्थामा प्रादेशिक विकासको अवधारणा कार्यान्वयन गर्नको लागि आवश्यक स्रोत परिचालन गरी दिगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने।

१०४. दक्ष, विषय विज्ञ तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी प्रदेशको प्रशासनिक तथा विकास कार्यका लागि आवश्यक मानव स्रोतको परिचालन गर्ने ।

१०५. साविकको एकिकृत ढाँचाको सूचना तथा तथ्याङ्कहरु प्रशोधन गरी नयाँ संरचना अनुसारको खण्डीकृत तथ्याङ्क प्राप्त गर्ने।

१०६. प्रदेशभित्रका सीमान्तकृत समूह र भौगोलिक क्षेत्रको समन्यायिक विकास गर्ने।

१०७. नयाँ शासकीय स्वरुप अनुरुपको राज्य प्रणालीबाट तीनै तहका सरकारको समन्वयमा सुशासन कायम गर्दै सीमित स्रोत र साधनले असीमित जनआकांक्षा पूरा गर्ने।

१०८. गुणस्तरीय पूर्वाधार निर्माण र व्यवस्थापनका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्ने।

## अवसर

१०९. राजनीतिक अस्थिरताको अन्त्य भएको,

११०. पर्यटन तथा जलविद्युत विकासको प्रचुर संभावना रहेको,

१११. आर्थिक रुपले सक्रिय जनसंख्याको अनुपात तुलनात्मक रुपमा बढी रहेको,

११२. जैविक विविधता रहेको,

११३. सामाजिक विविधता बिच एकता कायम रहेको,

११४. उर्बर भूमी, वन तथा खानी रहेको,

११५. सांस्कृतिक सम्पन्नता भएको,

# अनुसुची १

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४
२. प्रदेश आर्थिक कार्यविधि, २०७४
३. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४
४. मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
५. स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४
६. प्रदेश विनियोजन ऐन, २०७५ (आ.ब. ०७४/७५)
७. स्थानीय तहको सभा संचालन ऐन (कार्यविधि), २०७५
८. प्रदेश आर्थिक कार्यविधि ऐन (पहिलो संसोधन), २०७५
९. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५
१०. प्रदेश वीत्त व्यवस्थापन ऐन, २०७५
११. आर्थिक ऐन, २०७५
१२. विनियोजन ऐन, २०७५
१३. प्रदेश आकस्मिक कोष ऐन, २०७५
१४. स्थानीय तहको कानुन निर्माण प्रकृया सम्बन्धी ऐन २०७५
१५. खोप सेवा (संचालन तथा व्यवस्थापन) ऐन, २०७५
१६. दुग्ध विकास बोर्ड ऐन, २०७५
१७. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवा शर्त सम्बन्धी ऐन, २०७५
१८. केही प्रदेश कानुन संशोधन गर्ने ऐन, २०७५
१९. प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
२०. वर पिपल चौतारो संरक्षण र ब्यबस्थापन गर्न बनेको ऐन, २०७५
२१. सहकारी ऐन, २०७५

## प्रदेश सभामा छलफलमा रहेका

२२. औद्योगिक ब्यबसाय प्रबर्धन बिधेयक, २०७५

२३. सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी बिधेयक, २०७५

२४. ताल संरक्षण तथा बिकास प्राधिकरण बिधेयक, २०७५

२५. यातायात बिधेयक, २०७५

## गण्डकी प्रदेशका मन्त्रालय र अन्तर्गतका कार्यालयको विवरण

| क्र. सं. | नाम | फोन नं. | फ्याक्स नं. | वेबसाईट | ईमेल |
|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ०६१-४६७६८३ | ०६१-४६७६६५ | ocmcm.gandaki.gov.np | comcm.gandaki@gmail.com |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ०६१-४६७९३० | ०६१-४६७८८० | moeap.gandaki.gov.np | moeap.gandaki@gmail.com |
| ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ०६१-४६७७११ | ०६१-४६७७११ | moial.gandaki.gov.np | moialp4@gmail.com |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ०६१-४६५५३६ | ०६१-४६५५३६ | mopid.gandaki.gov.np | info@mopaid.gandaki.gov.np |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्धालय | ०६१-४६७८८५ | | molmac.p4.np | |
| ६ | सामाजिक विकास मन्त्रालय | ०६१-४६७६७२ | ०६१-४६७९१४ | mosd.gandaki.gov.np | info@mosd.gandaki.gov.np |
| ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ०६१-४६७६५४<br>०६१-४६७६६९ | ०६१-४६७६७० | moitfe.gandaki.gov.np | moitfe4@gmail.com |